## गरुडा नगरपालिका

# स्थानीय राजपत्र

**गरुडा नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः २, संख्या : ९, मिति : २०८०/१२/१५**


## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गरुडा नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको नियमावली सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

# गरुडा नगरपालिका नगर प्रहरी नियमावली, २०८०

नगर कार्यपालिकाबाट पारित मिति २०८०।११।१८
प्रमाणीकरण मिति : २०८०।१२।१५

गरुडा नगरपालिकाको नगर प्रहरी ऐन, २०७९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी गरुडा नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो नियमावलीको नाम “गरुडा नगरपालिका नगर प्रहरी नियमावली, २०८०” रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा , -

(क) "नगर प्रहरी" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) को (१) र गरुडा नगरपालिकाको नगर प्रहरी ऐन, २०७९ ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ति सम्भनु पर्छ ।

(ख) "नगर प्रहरी नियमावली" भन्नाले गरुडा नगरपालिकाको नगर प्रहरी ऐन, २०७९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी गरुडा नगर कार्यपालिकाले बनाएको गरुडा नगरपालिका नगर प्रहरी नियमावली, २०८० सम्भनु पर्छ ।

(ग) "कार्यक्षेत्र" भन्नाले नगरपालिकाको प्रशासनिक तथा भौगोलिक क्षेत्र तथा ठाउँ विशेषलाई वा वडाले ओगटेको भूभागलाई  समेत सम्भनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका कार्यालय र वडा कार्यालय दुवैलाई सम्भनु पर्छ ।

(ङ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस नियमावली अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्भनु पर्छ ।

(च) "पदपुर्ति समिति" भन्नाले नियम ७ बमोजिमको पदपुर्ति समिति सम्भनु पर्छ ।

(छ) "कर्मचारी" भन्नाले नगरपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गत निजामती सेवा नियमावली अन्तर्गत नियुक्त भएका कर्मचारी सम्भनु पर्छ ।

(ज) "नगर प्रहरी प्रमुख" भन्नाले नगरपालिकाको कम्तिमा अ.स.ई. दर्जा सरहको नगर प्रहरी प्रमुखको जिम्मेवारी दिएर नगरपालिकाले नियुक्त गरेको नगर प्रहरी भनि सम्भनु पर्छ ।

(झ) "करार" भन्नाले **अनुसची- १** मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्यकता अनसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्भनु पर्छ ।

## परिच्छेद २
## गरुडा नगरपालिका नगर प्रहरीको पद, तह र कार्यालय सम्बन्धि व्यवस्था

३. **पद र तह :**

(१) गरुडा नगरपालिका नगर प्रहरी राजपत्र अनङ्कित र श्रेणी बिहिन सरह हुनेछ ।

(२) नगरपालिका नगर प्रहरीको श्रेणी र पद देहाय अनुसार हनेछ ।

(क) असई (नगर प्रहरी प्रमुख) सहायक स्तर चौथो

(ख) हवल्दार - सहायक स्तर तेस्रो

(ग) नगरपालिका नगर प्रहरी जवान - सहायक स्तर दोस्रो

४. **पदसंख्या र पारिश्रमिक निर्धारण :**

(१) नगरपालिका नगर प्रहरीको पदसँख्या देहाय बमोजिम निर्धारण हुनेछ :

(क) नगरपालिकाका प्रत्येक वडाहरुमा कम्तीमा १ जना नगरपालिका नगर प्रहरी र नगर कार्यपालिकाको कार्यालयमा कम्तीमा २ जना नगर प्रहरी (१ जना नगर प्रहरी प्रमुख समेत) को व्यवस्था हुने गरी नगरपालिका नगर प्रहरीको पदसँख्या निश्चित गर्न सकिनेछ ।

(ख) नगरपालिकाका वडाहरुमा नगरपालिका नगर प्रहरीको संख्या निर्धारण गर्दा वडाको जनसंख्यालाई आधार बनाई प्रत्येक पाँच हजार जनसंख्याको लागि १ जना गरुडा नगरपालिका नगर प्रहरी खटिने गरी सोही अनुसार पदसंख्या निर्धारण गर्न सकिनेछ ।

(२) उपनियम (१) अनुसार पदसंख्या निर्धारण र पारिश्रमिक निर्धारण नगर कार्यपालिकाबाट तथा नगर सभाबाट निर्णय भए अनुसार हुनेछ ।

**५. कार्यालय सम्बन्धि व्यवस्था :**

(१) नगरपालिका नगर प्रहरीको कार्यालय भन्नाले नगरपालिकाको कार्यालय वा नगरपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

(२) नगरपालिकाको नगर प्रहरी प्रमुखको कार्यालय भन्नाले नगरपालिकाको कार्यालय वा नगरपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

## परिच्छेद ३
## पदपुर्ति सम्बन्धि व्यवस्था

**६. नगरपालिका नगर प्रहरी सेवाको पदपुर्ति :**

(१) गरुडा नगरपालिका नगर प्रहरी प्रमुख (सहायक प्रहरी नीरिक्षक) को पदपुर्ति नेपाल प्रहरी वा अन्य सुरक्षा निकायबाट अवकाश प्राप्त वा सेवाबाट अलग भएको **अनुसुची- २ को (क)** मा तोकिए बमोजिम योग्यता भएको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(२) गरुडा नगरपालिका नगर प्रहरी हवलदार तथा जवानको पदपुर्ति **अनुसुची- २ को (ख) र (ग)** मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(३) गरुडा नगरपालिकाको नगर प्रहरीको पदपुर्ति गर्दा नियम ४ बमोजिम चाहिने पदसंख्या अनुसार नेपालको सविंधान एवं प्रचलित ऐन कानुनमा विद्यमान रहेको समावेशिताको व्यवस्था अनुसार भर्ना गर्नु पर्नेछ ।

**७. पदपुर्ति समितिको गठन :**

(१) नगरपालिका नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन हुनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) नेपाल प्रहरी तथा नेपाली सेनामा कार्यरत अधिकृत स्तरको प्रहरी वा सुरक्षाकर्मी - विज्ञ सदस्य

(ग) नगर कार्यपालिका कार्यालयका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठन भएको पदपर्ति समितिले आवश्यकता अनुसार प्रमुखको अनुमति लिइ थप २ जना विज्ञहरु आमन्त्रित गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको पदपूर्ति समितिले नगर प्रहरी छनौट गर्न आवश्यकता अनुसारको सहयोगी कर्मचारी खटाउन सक्नेछ ।

**८. पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ :

(क) नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) को पाठयक्रम निर्धारण गर्ने,

(ख) पदपुर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परीक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र

(च) नियुक्तिको लागि सिफारिश गर्ने ।

(२) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला समक्ष लिखित रुपमा जानकारी गराई निकास निकालिनेछ ।

**९. न्युनतम योग्यता** : नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) पदमा खुल्ला प्रतियोगिताद्धारा पदपुर्तिको लागि चाहिने न्युनतम योग्यता **अनुसुची -२** मा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. विज्ञापन प्रकाशन :** (१) पदपुर्ति समितिले पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्दा पत्रिकामा कम्तिमा १५ दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको विषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ :

(क) पदको नाम,

(ख) आवश्यक संख्या (पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने ),

(ग) दरखास्त दिने म्याद र स्थान,

(घ) दरखास्त दस्तुर,

(ङ) आवश्यक न्युनतम शैक्षिक योग्यता,

(च) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,

(छ) सम्पर्क मिति र स्थान,

(ज) परिक्षाको तरिका र

(झ) अन्य शर्तहरु

(२) पदपुर्ति समितिले उपनियम (१) बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको संख्या र विषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको बैठक निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

**११. दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा :**

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा **अनुसुची ३** र **अनुसुची ४** मा उल्लेख भए अनुसार हुनेछ ।

(ख) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसंग तोकिएको शुल्क तिराई प्रवेश पत्रको प्रतिलिपी उप्लब्ध गराइनेछ ।

**१२. परिक्षा संचालन :**

(१) पदपुर्ति समितिले आवश्यकता अनुसारको परिक्षाको किसिम तय गरी परिक्षा सञ्चालन हुनेछ ।

(२) उपनियम (१) बमोजिम परिक्षा संचालन गर्दा हरेक परिक्षाको नतिजा प्रकाशन भए पश्चात्त क्रमवद्ध ढंगले परिक्षा सञ्चालन हुनेछ ।

**१३. नतिजा प्रकाशन :**

(१) उम्मेदवारले प्रथम परिक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परिक्षामा सामेल हुन पाउनेछन ।

(२) उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परिक्षा अघिको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले थप हुने गरी उतिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(३) पदपुर्ति समितिले अन्तिम प्रकारको परिक्षा संचालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उतिर्ण बाहेक एक तिहाई संख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उतिर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(४) पदपुर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

**१४. नियुक्ति गर्ने अधिकारी :**

(१) पदपुर्ति समितिले अख्तियारवाला समक्ष सिफारिश भई सो को अनुमोदन भए पश्चात्त नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन ।

(२) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिन भित्र नियुक्ति दिनुपर्ने छ ।

**१५. परिक्षण काल :**

(१) नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) पदमा नियुक्ति पाएको नगर प्रहरीलाई ३ महिनासम्म परिक्षण कालमा राखिनेछ ।

(२) उपनियम (१) अनुसार परिक्षण काल सन्तोषजनक भएको खण्डमा निजको नियुक्ति सदर गरी आवश्यकता अनुसार थप कार्यकालको लागि नियुक्ति दिइनेछ ।

**१६. नियुक्ति वदर हुन सक्ने अवस्था :**

(१) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) को नियुक्ति वदर गर्न सक्नेछ :

(क) परिक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा अनुसुची ५ मा तोकिए बमोजिम आचरण, वा

(ख) नियम १५ को उपनियम (२) बमेजिम नियुक्ती सदर भई कार्य सम्पादन गरिरहेको गरुडा नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख) को अनुसुची ५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा ।

(२) अन्यत्र जेसुकै लेखिएको भएतापनि गरुडा नगरपालिका नगर प्रहरीले कुनै पनि गम्भिर तथा जघन्य खालको अपराध गरेको भनि तत्काल सवुत प्रमाण सहित फेला परेमा निजको नियुक्ति स्वतः वदर हुनेछ ।

## परिच्छेद ४

## नगरपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**१७. नगरपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकार :**

(१) नगरपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हनेछ :

(क) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, ढल, पाटी-पौवा, मठ मन्दिर, पेटी, चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी सम्बन्धित वडा कार्यालय मार्फत नगरपालिका प्रशासनलाई गराउने ।

(ख) सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेला परेमा प्रारम्भिक कार्यवाही चलाउने ।

(ग) राजश्व तथा कर छली ल्याएको, ईजाजत वेगर पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेटिएमा आवश्यक कार्यवाहीको लागि सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउने ।

(घ) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने ।

(ङ) छाडा चौपायाहरुलाई कान्जी हाउस पुऱ्याउने कार्यमा सहयोग गर्ने ।

नगर कार्यपालिकाको कार्यालय

(च) सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने ।

(छ) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी सम्बन्धित वडा कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने ।

(ज) नगरपालिका ऐन नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(झ) नगरपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुऱ्याउने ।

(ञ) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने ।

(ट) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने

(ठ) नगर सभा सञ्चालन भएको अवस्थामा मर्यादापालक भइ कार्य गर्ने

(ड) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

(२) नगर प्रहरी प्रमुखले उपनियम (१) बमोजिमका काम कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै मातहतका नगर प्रहरीहरुको कार्यमा समन्वय गर्नु, निरिक्षण एवं नियन्त्रण गर्नु पर्नेछ ।

## परिच्छेद ५
## विदा एवं पारिश्रमिक सम्बन्धि व्यवस्था

### १८. विदा सम्बन्धि व्यवस्था :

(१) नगरपालिका नगर प्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक करार सेवामा कार्यरत कर्मचारीले प्रचलित कानुन बमोजिम पाउने विदा उपभोग गर्न पाउनेछन ।

(२) उपनियम (१) मा उल्लेख भए बाहेक अन्य कुनै प्रकारको विदा दिइने छैन ।

### १९. पारिश्रमिक सम्बन्धि व्यवस्था :

(१) गरुडा नगरपालिका नगर प्रहरीहरुको तलब/पारिश्रमिक देहाय बमोजिम हनेछ :

(क) गरुडा नगरपालिका नगर प्रहरीहरुको मासिक तलब/पारिश्रमिक नगर सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(ख) नगर प्रहरी प्रमुखको मासिक तलब वा पारिश्रमिक उपनियम (१) को (क) बमोजिम तोकिएको पारिश्रमिकका साथै अन्य थप सुविधा कार्यपालिकाले तोके बमोजिम हनेछ ।

(२) नगरपालिका नगर प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिएको व्यहोरा सम्बन्धित वडा वा नगर कार्यपालिका कार्यालयले प्रमाणित गरे पश्चात्त पारिश्रमिक भुक्तानी हुनेछ ।

## परिच्छेद ६
## अनुगमन, कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण

**२०. अनुगमन :** (१) नगरपालिका तथा यसले ओगटेको भौगोलिक क्षेत्रभित्र खटिएका नगरपालिका नगर प्रहरीको कार्यको अनुगमन देहाय बमोजिम गरिनेछ :

(क) गरुडा नगरपालिका नगर प्रहरी खटिएको वडाको हकमा ताहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र नगर कार्यपालिकाको हकमा ताहाँबाट तोकिएका कर्मचारीले नियमित अनुगमन गर्नेछ ।

(ख) नगरपालिका प्रशासन शाखाबाट समेत नियमित अनुगमन कार्य गर्नु पर्दछ ।

(ग) नगरपालिका अन्तर्गतका वडा कार्यालयले ताहाँ खटिएका नगरपालिका नगर प्रहरीको अनुगमन प्रतिवेदन प्रत्येक ३ महिनामा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(घ) नगरपालिका कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(२) नगरपालिका नगर प्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरुको प्रशासन शाखाबाट तथा तोकिएको कर्मचारीबाट आवश्यकता अनुसार छड्के एवं नियमित जाँच हुनु पर्दछ ।

**२१. कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण :**

(१) नियम २० को उपनियम (१) को (ग) र (घ) बमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा तेस्रो त्रैमासिकको अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि गरुडा नगरपालिका नगर प्रहरीको कार्य सम्पादन मुल्याकंन कार्य हुनेछ ।

(२) उपनियम (१) अनुसार कार्य सम्पादन मुल्याकंन गर्नको लागि आवश्यक विधि र प्रक्रियाको प्रमुख प्रशासकीय अधिकृतले ढाँचा तयार गरी/गर्न लगाई नगर कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) अनुसार नगरपालिका नगर प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने भन्नेमा नगरपालिका कार्यालयले नगरकार्यपालिकाको बैठकमा सिफारिश गर्नुपर्नेछ ।

(४) नगर कार्यपालिकाको बैठकबाट सिफारिश अनुमोदन भई आए पश्चात प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका प्रहरीको सेवा अवधि थप गर्नेछन ।

(५) नगरपालिका नगर प्रहरीले आफु जुन वडा वा स्थानमा नगरपालिकाद्धारा खटाइएको हो सो कार्यक्षेत्र वा वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

(६) नगरपालिका नगर प्रहरीको कार्य सम्पादन स्तरलाई उच्छृखल हुन नदिन तोकिएको कार्यक्षेत्रका वडा कार्यालय र नगरपालिका कार्यालयले नियन्त्रण र आवश्यक निर्देशन गर्नेछ ।

## परिच्छेद७
## विविध

**२२. पोशाक र दर्ज्यानी चिन्ह :**

(१) गरुडा नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) को पोशाक र दर्ज्यानी चिन्ह नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था गर्न पाइने छैन ।

(३) गरुडा नगर कार्यपालिकाको कार्यालयले पोशाक खर्च बापत नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) लाई रकम उप्लब्ध गराउन सक्नेछ ।

**२३. जिन्सी सामाग्री सम्बन्धमा :**

(१) नगरपालिकाको कार्यालयले नियम २२ को उपनियम (१) बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) लाई उपलब्ध गराउनेछ ।

(२) नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) ले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मसिक रुपमा अद्यावद्यीक गरी राख्नु पर्नेछ ।

**२४. विदा सम्बन्धि थप व्यवस्था :**

(१) नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) ले परिक्षणकाल भरी नियम १८ अनुसार पाउने विदा मध्ये घर विदा र बिरामी विदा पाउने छैन ।

(२) परिक्षण काल समाप्त भए पश्चात उपनियम (१) अनुसार नपाइने विदा समेतलाई जोडी नियम १८ अनुसार नै विदाको सुविधा प्राप्त हुनेछ ।

**२५. अन्य सुविधाको सम्बन्धमा :** नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) लाई नगर कार्यपालिकाले आवश्यकता अनुसारको अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

**२६. राजिनामा सम्बन्धमा :**

(१) नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) ले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा नगरपालिकाको कार्यालयमा आफुले कार्य छोडनु १ महिना अघि नै राजिनामा दिनु पर्नेछ ।

(२) यदि उपनियम (१) अनुसार राजिनामा नदिएमा सेवा गरेको अन्तिम महिनाको पारिश्रमिक भुक्तानी पाउने छैन ।

(३) उपनियम (१) र (२) मा जे लेखेको भएपनि यदि नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख) ले असाध्य रोग व्याधिले वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गरेमा वा निजको मृत्यु भएको खण्डमा निजले पाउनु पर्ने बांकी पारिश्रमिक नगरपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

२७. **बिमा सम्बन्धमा :** नगर कार्यपालिकाले नगरपालिका नगर प्रहरीको सुरक्षालाई ध्यानमा राख्दै नगर प्रहरीको बिमा गर्ने व्यवस्था गर्न सक्नेछ ।

२८. **ऐन नियमको पालना :** नगरपालिकाको कार्यालयले यस नियमावली अनुसार करार सेवामा नियुक्त भएका प्रहरीहरुसँग सम्बन्धित दण्ड सजाय एवं पुरस्कारको लागि आवश्यक काम कार्यवाही गर्दा नेपालको संविधानको साथै देशमा विद्यमान रहेका ऐन नियममा रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कार्यवाही गर्नेछ ।

२९. **ज्यालादारी व्यवस्था :**

(१) नगरपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत नगरपालिका नगर प्रहरीको व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपनियम (१) अनुसार प्रहरीको नियुक्ती र पारिश्रमिक तोक्ने कार्य नगरपालिका प्रमुखबाट अनुमती लिई प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) उपनियम (१) अनुसार नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य नगरपालिका प्रशासन वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(४) ज्यालादारीमा खटिएका नगर प्रहरीको पारिश्रमिक नेपाल सरकारले अदक्ष कामदारको लागि तोकेको न्युनतम दैनिक ज्याला दर भन्दा कम नहुने गरी दिइनेछ ।

३०. **प्रशासनिक व्यवस्थापन :** यस नियमावली अनुसार नियुक्त गरिएका गरुडा नगरपालिका नगर प्रहरी (नगर प्रहरी प्रमुख समेत) हरुको प्रशासनिक व्यवस्थापन गर्ने कार्य नगरपालिका कार्यालयको प्रशासन शाखा वा तहाँबाट व्यवस्था भए बमोजिम हुनेछ ।

३१. **संसोधनगर्न सक्ने :** यस नियमावलीमा व्यवस्था गरिएका नियम, उपनियमहरु संसोधन एवं थपघट गर्ने र नियमावली अन्तर्गत मापदण्ड, कार्यविधि बनाउने सम्पुर्ण अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

नगर कार्यपालिकाको कार्यालय

अनुसूची - १

(नियम २ को खण्ड (झ) संग सम्बन्धित)

## करार सेवा सम्झौता पत्रको ढाँचा

गरुर्डा नगर कार्यपालिकाको कार्यालय र जिल्ला रौतहट,गरुडा नगरपालिका, वडा नं. ..... बस्ने श्री ................................ बिच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र । गरुडा नगर कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला रौतहट गरुडा नगरपालिका, वडा नं. ..... बस्ने .................................. को छोरा/छोरी बर्ष ....... को श्री.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बीच गरुडा नगरपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि नगरपालिका नगर प्रहरी ... पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उप्लब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. यो करारनामाको अवधि मिति २०..। .... गतेबाट २०..।... गतेसम्म जम्मा ३ महिनाको परिक्षण कालको हुनेछ ।

२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ..................... ( अक्षरुपी ............................................) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कुनै कारणले दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।

४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसंग रहेकोजिन्सी सामान र तिर्नु पर्ने बाकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।

५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।

६. दोश्रो पक्षले गैरजिम्मेवारी ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुऱ्याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु गरुडा नगरपालिका नगर प्रहरी नियमावली ,२०८० मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्ष संगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोश्रो पक्षलाई पोशाक खर्च उपलब्ध गराउने छ ।

१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर...................... | हस्ताक्षर.......................... |
| नाम थर :......................... | नाम थर ..................... |
| दर्जा : प्रमुख प्रशासकीय अधिकृत | |
| गरुडा नगरपालिका कार्यालयको छाप : | |

इति सम्वत् २०... साल .......... महिना ........ गते रोज ........ शुभम् ।

नगर कार्यपालिकाको कार्यालय

# अनुसूची - २

(नियम ६ र ९ संग सम्बन्धित)

## नगरपालिका नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता

**(क) नगर प्रहरी प्रमुख (असइ) को लागि चाहिने योग्यता :**

१) नेपाली नागरिकता

२) उमेर २५ पुरा गरी ४५ वर्ष ननाघेको ।

३) असइ वा सो सरह पदबाट अवकाश प्राप्त वा सेवाबाट अलग भएको कागजात ।

४) कम्तिमा एस एल सी वा सो सरह उत्तिर्ण गरेको ।

५) व्यक्तिगत चालचलन तथा चारित्र सम्बन्धी प्रहरी रिपोर्ट

६) मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परिक्षण गरेको रिपोर्ट ।

**(ख) नगरपालिका नगर प्रहरी हवल्दारको लागि चाहिने न्युनतम योग्यता :**

१) नेपाली नागरिकता भएको ।

२) २५ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

३) हवल्दार वा सोसरह पदबाट अवकास भइ वा सेवाबाट अलग भएको कागजात ।

४) कम्तीमा कक्षा आठ परिक्षा उतिर्ण भएको ।

५) व्यक्तिगत चालचलन तथा चारित्र सम्बन्धी प्रहरी रिपोर्ट ।

६) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

**(ग) नगरपालिका नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता :**

१) नेपाली नागरिकता भएको ।

२) १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको तर भु.पु.को हकमा ४० वर्ष उमेर ननाघेको ।

३) कम्तिमा कक्षा ८ उत्तिर्ण गरेको

४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ इन्च वजन घटीमा ५० के.जी. ।
(महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

५) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको तथा निरोगिता प्रमाणित भएको ।

नगर कार्यपालिकाको कार्यालय

अनुसूची- ३
(नियम ११ को उपनियम (१) संग सम्बन्धित)
गरुडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय गरुडा,
रौतहट, मधेश प्रदेश

**दरखास्त फारामको ढाँचा**

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो र फाराममा पर्ने गरी उम्मेदवारको दस्तखत |

**दरखास्त फाराम**

म यस कार्यालयको मिति ..............विज्ञापन नं. ... को सूचना अनुसार नगर प्रहरी **सहायक नीरिक्षक/हवल्दार/जवान** पदमा निम्न विवरण सहित करार सेवामा काम गर्नेगरी दरखास्त पेश गर्न चाहन्छु ।

**(क) वैयक्तिक विवरण**

| | | | | |
|---|---|---|---|---|
| | नम थर | (देवनागरिमा) | | |
| | | (अङ्ग्रेजी ठुलो अक्षरमा | | लिङ्ग : |
| | नगरिकता नं. | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं. | |
| | | घ) टोल : | च) फोन नं. | |
| पत्राचार गर्ने ठेगाना | | | इमेल | |
| बाबुको नाम ,थर : | | | जन्म मिति (वि.सं.मा) : (ईस्वी सं. मा) : | |
| आमाको नाम, थर : | | | | |
| बाजेको नाम ,थर : | | | हालको उमेर : वर्ष महिना | |

**(ख) शैक्षिक योग्यता /तालिम (दरखास्त फाराम भरेको पदका लागि चाहिने आवश्यक न्युनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| आवश्यक न्युनतम योग्यता | विश्व विद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | सङ्काय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | स्थायी /अस्थायी /करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**(घ) कम्पयुटर सम्बन्धी विवरण**

| कम्पयुटर सम्बन्धी शैक्षिक योग्यता/उपाधि | अध्ययन गरेको संस्थाको नाम | Work Exel ,Power Point सम्बन्धी ज्ञान भए वा नभएको | टाइपिङ क्षमता | |
|---|---|---|---|---|
| | | | अङ्ग्रेजी प्रति मिनेट शब्द संख्या | नेपाली प्रति मिनेट शब्द संख्या |
| | | | | |
| | | | | |
| | | | | |

**(ङ) शारीरिक अवस्था (स्वघोषणा) :**

१. म नगर प्रहरीमा नयाँ नियुक्ति हुनका लागि मेरो शारीरिक अवस्था पूर्ण रुपमा स्वस्थ छ ।

२. मैले कुने दीर्घकालिन रोग वापत कुनै किसिमको लामो अवधि सम्मको औषधी सेवन गर्ने गरेको छैन ।

३. मलाई कुनै किसिमको मुटु, कलेजो, मृगौला सम्बन्धी रोग वा सो सम्बन्धी सल्यक्रिया गरेको छैन ।

४. म कुनै किसिमको औषधीजन्य (लागु औषध) पदार्थ सेवन गर्ने गरेको छैन ।

५. मेरो मानसिक अवस्था ठिक छ । म नगर प्रहरी हुन योग्य छु । जस्तो सुकै अवस्थामा सन्तुलित भएर काम गर्न सक्छु ।

मैले यस दरखास्त खुलाएका सम्पुर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाका लागि अयोग्य ठहरिने गरी कुनै सजाय भएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहनेछु /बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानुन तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै सर्त तथा नियमहरु पलना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित सर्तहरु पुर्ण रुपमा पालना गर्नेछु र करारको सम्बन्धमा अगावै करारको अन्त्य गर्दा कम्तीमा १ महिना पुर्व सुचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति : |
| कार्यालयले भर्ने | | |
| रसिद नं./भौचर नं. | | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सोको कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत :<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

***द्रष्टव्य :*** दरखास्त साथ सुचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरेर रु. १० को हुलाक टिकट टाँस गरी पेस गर्नु पर्नेछ :

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सोको प्रतिलिपि

(३) न्युन्तम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, र प्रहरी रिपोर्ट, प्राविधिक कार्य ( इन्जिनियरिङ्ग ,स्वास्थ्य, तथा पशु चिकित्सा लगायत अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र ( लाइसेन्स) को प्रतिलिपि ,तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि आदि ।

(४) प्रहरी सेवा, सैनिक सेवा मा काम गरेको भए सो को अनुभव प्रमाण ।

नगर कार्यपालिकाको कार्यालय

# अनुसूची - ४

(नियम ११ को उपनियम (१) संग सम्बन्धित)

प्रवेश पत्रको नमुना

## परिक्षा प्रवेश पत्र

नाम थर : ........................

नियुक्त हुन चाहेको पद :

विज्ञापन नम्बर :

विज्ञापन मिति :

दर्ता नम्बर :

श्रेणी, तह :

उम्मेदवारको दस्तखत नमुना :

पासपोर्ट साइजको फोटो

सम्बन्धित कर्मचारीले भर्ने : यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमती रद्ध हुन सक्नेछ ।

मिति : ..........................    अधिकृतको दस्तखत ........................

.........................................................................................................................................

## परिक्षा प्रवेश पत्र .

नाम थर : ............................................

नियुक्त हुन चाहेको पद :

विज्ञापन नम्बर :

विज्ञापन मिति :

दर्ता नम्बर :

श्रेणी, तह : .........

उम्मेदवारको दस्तखत नमुना : .......

पासपोर्ट साइजको फोटो

सम्बन्धित कर्मचारीले भर्ने : यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाईंलाई संलग्न हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमती रद्ध हुन सक्नेछ ।

मिति : .........................    अधिकृतको दस्तखत ................

## अनुसुची - ५

(नियम १६ को उपनियम (१) संग सम्बन्धित)

## नगरपालिका नगर प्रहरीमा हुनुपर्ने आचरण

नगरपालिका नगर प्रहरीमा दरखास्त दिने व्यक्तिको देहाय बमोजिमको आचरण एवं गुणहुनु पर्नेछ :

१. कुनै प्रकारको कुलतमा नपरेको,

२. सरल, ईमान्दार र सहयोग भावना भएको,

३. कुनै राजनैतिक पार्टीको सदस्य नभएको,

४. कुनै प्रकारको अपराधिक गिरोहमासंलग्न नभएको,

५. कुनै प्रकारको फौज्दारी अभियोगमा सजायँ नपाएको,

६. शारीरिक रुपमा स्वस्थ र शारीरिक बनोट ठीक भएको ।

आज्ञाले,<br>
मुहम्मद मुस्ताक आलम<br>
प्रमुख प्रशासकीय अधिकृत

रु. २५



नगर कार्यपालिकाको कार्यालय